# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 3 Monthly International Edition of Herald of His Coming March 2021
वर्ष २२, अङ्क ३ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (चैत, २०७७)


# ख्रीष्टमा ध्यान केन्द्रित
## Focusing on Christ

**By Rich Carmicheal**

March/April Issue 2021

ख्रीष्टमा ध्यान केन्द्रित भन्ने विषयमा यहाँहरूको बीचमा लेख्न पाउनु मेरो कति ठूलो अवसर हो । यसको लागि म परेश्वरलाई धन्यवाद चढाउँछु । यो लेखलाई केही समय लगाएर पढ्नु होला र यहाँले अवश्य पनि नयाँ कुरा सिक्नु हुनेछ भन्ने प्रार्थनासहित आशा गर्दछु । हेराल्ड कार्यालयका सहकर्मीहरूले यो लेख पढ्न पाउँदा/टाइप गर्न पाउँदा नै धेरै आशिष प्राप्त गर्नुभएको कुरा सुनाउनु हुन्छ । यस लेखका सम्पादक पनि अति नै कृतज्ञ हुनु भएको कुरा मलाई फोन गरेर भन्नु भयो । म आशा गर्दछु तपाईंलाई पनि यो लेखले अवश्य नयाँ कुरा सिकाउने छ । म यो पनि आशा गर्दछु कि तपाईंले यस अंकमा छापिएका अरू लेख र सेवकहरूको अनुभवले धेरै आशिष प्राप्त गर्नु हुनेछ । यस्तो संकटको समयमा पनि परमेश्वरले कसरी जुटाउनु हुन्छ भन्ने विषयमा एउटा ज्वलन्त उदाहरण ती अनुभवहरूले तपाईंलाई सिकाउने छन् । हामीलाई मुक्ति दिनु हुने परमेश्वर कति महान् हुनुहुन्छ । उहाँले आफ्ना मानिसहरूलाई कहिल्यै पनि एक्लै छाड्नु हुन्न । उहाँ एक अनुकम्पाका र दयाले भरिएका परमेश्वर हुनुहुन्छ । उहाँले आफ्नाहरूको विश्वास, प्रार्थना र निर्भरताका आधारमा काम गर्नुहुन्छ । त्यो काम हामीले गर्दै जानु पर्दछ । हाम्रो लागि असम्भव भएको कुरा परमेश्वरमा सम्भव हुन्छ ।

**समस्याको समयमा उहाँलाई विश्वास गर्नु**

यो लेखमा हामीले येशूतिर हेर्नु भन्ने विषय पनि आंशिक रूपमा उठाउँछौं जसले कठिनाइमा कसरी सामना गर्ने भन्ने विषयमा पनि हामीलाई उत्साह दिन सक्छ । येशूलाई हेर्न र हाम्रो मार्गमा आउने कठिनाइहरू बिर्सनु ख्रीष्टियन जीवन हो । हामीले समस्याहरूलाई नहेर्ने बित्तिकै ती समस्याहरूले हामीलाई नै अचम्मित पार्दछन्, तिनीहरू साँच्चिकै अल्पमतमा पर्दछन् र असमर्थ हुन्छन् । समस्यासँग लडिरहने हो भने समस्याहरू आफै थाक्छन्, हार्छन् र हामीलाई जित्न सक्दैनन् । बाइबलमा त्यसतै एउटा उदाहरण देख्न सकिन्छ । जब आँधीबेहरीले तिनीहरू चढेको डुङ्गा डुबाउनै लागेको थियो । त्यतिबेला उनीहरू सारै हतास भएका थिए । जब तिनीहरूले येशूतिर हेरे तिनीहरू बाँचे, तर जब तिनीहरूले येशूलाई हेर्न बिर्से फेरि डुङ्गा डुब्न थाल्यो । येशूलाई हेर्नु कति महत्वपूर्ण रहेछ भन्ने कुरा यो घटनाबाट पनि बुझ्न सकिन्छ । जब हामी येशूतिर हेर्छौं हामी कति कृतज्ञ हुन्छौं । हामी जीवनमा आउने कठिनाइहरूलाई नहेरेर येशूतिर हेर्यौं भन्ने अवश्य समस्याहरूबाट विजय प्राप्त गर्न सकिन्छ । हामीले विश्वास गरेका परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँमा नै उत्साह, शान्ति, स्वस्थ, उपचार, जीवन, आशा र आनन्द छ । हामीतर्फ उहाँले दिनु हुने केही शब्दहरूलाई विचार गरौं । यी पदहरूले तपाईंलाई सान्त्वना दिनेछन् । “हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ म तिमीहरूलाई विश्राम दिनेछु ।” (मत्ती ११ : २८)

“मेरो शान्ति म तिमीहरूलाई दिन्छु, तिम्रो हृदय विचलित नहोस् न त भयभित होस् ।” (यूहन्ना १४ : ३३)

“... किनकि उहाँ आफैंले


**यस अंकका सामग्रीहरू** Monthly International Edition of Herald of His Coming **बाट जस्ताको तस्तै अनुवाद गरिएको छ - सं.**

भन्नुभएको छ, 'म तिमीलाई कुनै रीतले छाड्ने छैन, त्यसैले गर्दा हामी निश्चयतासाथ भन्न सक्छौं "प्रभु मेरो सहायक हुनुहुन्छ र म कहिल्यै डराउँदिछ।" (हिब्रू १३ : ५ - ६)

**सबै ख्रीष्टकै लागि**

यो विषयमा हामीले बुझ्नु पर्ने कुरा के छ भने ख्रीष्टले सबैथोक हाम्रो लागि दिनु भयो। उहाँले हामीलाई इन्कार गर्न, हाम्रो क्रुस बोक्न र उहाँको अनुसरण गर्न बोलाउनु हुन्छ। के हामी पावल प्रेरितले भनेजस्तै भन्न सक्दछौं। उनी भन्छन्, "म ख्रीष्टसँगै क्रुसमा टाँगिएको छु अब बाँच्ने मानिस म होइन तर ख्रीष्ट ममा बाँच्नुहुन्छ; र अहिले म जुन शरीरमा बाँचिरहेको छु, म परमेश्वरको पुत्रमाथि विश्वास गरेर जीउँछु। जसले मलाई प्रेम गर्नु भयो र मेरो निम्ति आफैलाई अर्पण गर्नुभयो।" (गलाती २ : २०)

के हामी उहाँको नजिक हुन सक्छौं ? के हामी उहाँको निम्ति पूर्ण रूपमा बाँच्न सक्छौं ? के हामी विश्वासद्वारा उहाँलाई घोषणा गर्न सक्छौं ? किनकि हाम्रा महान् परमेश्वर र मुक्तिदाताले हामीलाई उहाँसँग महिमाको आशा राख्न बोलाउनु भयो जसको निम्ति उहाँले आफैलाई अर्पण गर्नुभयो। (तितस २ : १३ - १४) "किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लिनु हुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरी उठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाई लगिने छौं र यसरी हामी सधैं प्रभुसँग रहने छौं।" (१ थिस्सलोनिकी ४ : १६ - १७)

# येशू मात्र संसारको आशा

## Christ is the Hope for the World

**By Fred D. Jarvis**

March/April Issue 2021

संसार एकदमै विकसित छ। एक पछि अर्को नयाँ नयाँ कुराहरू आविष्कारमा फड्को मारेको छ। यस्तै हाम्रो संसारमा आध्यात्मिक चिजहरूको/विचारहरूको पनि उत्तिकै महत्व भएको छ। यस्तै चर्चमा पनि कताकता समस्याहरू भएका छन्। शक्तिहीनता चर्चको ठूलो समस्या हो। चर्चले परमेश्वरबाट शक्ति प्राप्त गर्नु पर्दछ। चर्चबाट मूर्तिपूजा जस्ता विचारहरू हटाउनु पर्दछ त्यसपछि मात्र चर्चमा परमेश्वरको शक्ति देखा पर्दछ। जब हामी परमेश्वरको आत्माले भरिन्छौं तब मात्र हामीले शक्ति प्राप्त गर्दछौं। पहिलो शताब्दीमा परमेश्वरको वचन सजिलै बढेको थियो। त्यतिबेलाका विश्वासीहरूले जताततै परमेश्वरको वचन प्रचार गर्दथे। प्रवचनको मृत्यु विषय क्रुस थियो। उनीहरूको शक्ति पवित्र आत्मा हुनुहुन्थ्यो तिनीहरूको अधिकार परमेश्वरको वचन थियो। तिनीहरूको ओठमा "परमप्रभु यसो भन्नुहुन्छ" मात्र थियो। तिनै साधारण विश्वासीहरूले संसारलाई उथलपुथल पारेका थिए।

आजकल हामी एउटा सानो गाउँलाई पनि प्रभाव पार्न सक्दैनौं। यो समयमा हामीले परमेश्वरको वचनअनुसार आफ्नो विश्वासलाई माथि उठाउनु पर्छ। ख्रीष्टभन्दा 'म महान् हुँ' भन्ने विचार पो देखा पर्न लागेको छ। कता कता हामीले परमेश्वरको आत्मालाई नै जित्न पो खोजिरहेका छौं। यो गलत विचार हो।

**केवल संसारको आशा**

परमेश्वरले हामीलाई क्षमा गर्न चाहनुहुन्छ। उहाँले हाम्रो लागि मध्यस्थको काम गर्नुभएको छ। उहाँको शक्ति अहिले पनि ताजै छ र त्यो हाम्रो जीवनमा आउनु पर्छ। परमेश्वरको आत्माले हामीलाई बचाउन चाहनुहुन्छ। हाम्रो जीवनमा भएका कमीहरूलाई उहाँले शक्तिमा बदल्न चाहनु हुन्छ। हाम्रो विश्वासमा आगो लागाउन चाहनु हुन्छ। उहाँ आज पनि शक्तिशाली हुनुहुन्छ र हामी हरेकलाई बचाउन चाहनु हुन्छ। परमेश्वरले जब काम गर्नु हुन्छ उहाँले मानिसको हृदयमा नै काम गर्नुहुन्छ। ख्रीष्टको पुनरुत्थान हाम्रो शक्ति र बल हो। हामीले उहाँबाट प्रार्थना गर्ने शक्ति प्राप्त गर्न सक्दछौं। केवल जागृति हाम्रो आशा हो। प्रार्थना र प्रचारमा त्यहीबाट शक्ति आउँछ। यो कुरा विश्वासीहरूको लागि एउटा मौका पनि हो।

संसारको लागि एउटा आशा छ त्यो क्रुसमा टाँगिएको ख्रीष्टबाट मात्र आउँछ। यो समस्याग्रस्त संसारमा ख्रीष्टबाहेक अरू कुनै आशा छैन। यो समय ख्रीष्टलाई प्रचार गर्न घरबाट बाहिर निस्कने असल र ठीक समय हो। यो समयमा परमेश्वरले तपाईंलाई प्रार्थना गर्न, प्रचार गर्न, सहयोग दिन बोलाउँदै हुनुहुन्छ। यो साँचो व्यवसाय गर्ने समय हो र त्यो व्यवासय ख्रीष्टसँग गर्नु पर्दछ। अब परमेश्वरको काम सुरु हुनै लाग्यो, सुरु भइसक्यो जागृतिको आशा र पश्चाताप अति साँचो व्यवसायको दिन। आमिन्। हरेक ठाउँमा जागृति आउँदैछ।

**पेन्तिकोसको शक्ति**

पवित्र आत्मा शक्तिविना हाम्रा सम्पूर्ण सेवकाइहरू व्यर्थ हुन्छन् । हाम्रो प्रयास र परिश्रमभन्दा पवित्र आत्माको शक्ति धेरै महान् छ । हामी पवित्र आत्माले भरिनु पर्दछ । परमेश्वरको काम परमेश्वरकै तरिकाले गर्नु पर्छ । उहाँको शक्ति र उपस्थिति हाम्रो सेवकाइमा अति नै आवश्यकता पर्दछ । परमेश्वरको शक्ति पेन्तिकोसको दिन यस संसारमा आएको थियो । यो इतिहासको एउटा घटना मात्र होइन यो व्यक्तिगत अनुभव हो ।

प्रेरितहरूको पुस्तक आजका लागि एउटा ईश्वरीय खाका हो । पेन्तिकोसको खास उद्देश्य परमेश्रका मानिसहरूलाई सशक्त पार्नु हो ताकि उनीहरूले अरूहरू येशूसमक्ष देखाउन सकुन् । विश्वासमा स्थिर बस्नु र आत्मा विजयको लागि यो भन्दा अर्को उपाय छैन । सत्यलाई चिन्नु मात्र मानिसको लागि पर्याप्त हुँदैन । हामीले त्यो सत्यबाटै आफू बाँच्नु पर्छ र अरूहरूलाई त्यो सत्य बाँड्नु पर्दछ । त्यसको लागि हामीसँग परमेश्वरको शक्ति हुनै पर्दछ । परमेश्वरले हामीलाई उहाँको पवित्र आत्माले भर्नु हुन्छ । हाम्रो हृदयलाई उहाँले परमेश्वरको वचन अरूहरूलाई प्रचार गर्न उत्साह दिनुहुन्छ । हामीभित्र भएका फोहरहरू, फालेर परमेश्वरको साँचो गवाही दिने व्यक्ति बनाउनु हुनेछ । येशूले भन्नुभयो “मेरो पछि लाग र म तिमीलाई मानिसहरूका जालहारी बनाउने छु ।” (मत्ती १९ : १) परमेश्वरले हाम्रो जीवन गुणानुवाद भएको र हामीलाई आत्मिक छोराछोरीहरू, र नाति नातिनीहरू दिन चाहनु हुन्छ । हराएका आत्माहरूलाई खोज्नको लागि हामी खीष्ट सँगसँगै जानु पर्दछ । “जो रुँदै-रुँदै बीउ बोकेर छर्न जान्छ त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्किने छ ।” (भजनसंग्रह १२६ : ६) खीष्टको प्रेमले हामीलाई उहाँले भनेको ठाउँमा जान, उहाँले जस्तै प्रेम गर्न, र आफैँलाई बलिदान दिन साँचो अनुभव गराउँछ ।

खीष्टको प्रेमले हामीलाई उहाँसँग रहन, उहाँले भनेको मान्न उहाँले जसरी बलिदान गर्नुभयो त्यसरी अरूहरूलाई पनि प्रेम गर्न सिकाउँछ । हामीलाई चाहिने कुरा भनेको मेसिनहरू होइन तर उहाँको नजिक रहेर परमेश्वरलाई चिन्नु र अनुभव गर्नु हो ।

यस्ता मानिसहरूलाई परमेश्वरका मानिस, विश्वासको मानिस, शक्तिशाली मानिस र आगोको मानिस भनिन्छ । परमेश्वरको वचन नै आगो हो, यसलाई पवित्र आत्माको शक्तिमा प्रचार गरिन्छ, त्यो आगोले धेरै उज्यालो पार्दछ वास्तवमा त्यसले धेरैलाई जलाउँछ र खरानी पार्दछ, भस्मै पार्दछ । त्यसलाई नै जागृतिको आगो भनिन्छ । जब आगो हामीमा आउँछ समस्याहरू त खरानी-खरानी हुन्छन् । वाह ! तपाईं र म स्वतन्त्र हुनेछौँ ।

**पश्चाताप, प्रार्थना र जागृति**

परमेश्वरले हामीलाई अति नै शक्तिशाली रूपमा आफ्नो आत्माबाट संसारभरिका मानिसहरूको बीचमा आगोको रूपमा जागृति पठाउन प्रयोग गर्न चाहनुहुन्छ । जुन आगो अहिले संसारभरि जलिरहेको छ । संसारका हरेक कुनामा जहाँ पाप र श्रापले वास गरेको छ त्यही ठाउँमा त्यो आगो पुग्न सकोस् । यो आगो पृथ्वीको हरेक जातिले महसुस गर्न सकुन् भन्ने म चाहन्छु । आजकलका मानिसहरूले साँचो समाधानहरूभन्दा सजिलो समाधानतिर ध्यान दिएका छन् । यसको ठीक उत्तर भनेको जागृति हो । शान्तिका राजकुमारविना कहीँ पनि शान्ति हुँदैन । रुखको जरामा बञ्चरो परिसकेको छ । रुखका जराहरू काटिइसकेको छ, रुख ढल्नै लागेको छ । हाम्रा पापहरू स्वर्गसम्मै पुगिसकेका छन् । ती पापहरू समाजमा एक कलंककै रूपमा देखा परेका छन् । वास्तवमा यो परमेश्वरलाई गरेको अपमान हो । खीष्टको हृदयमा चोटहरू, चर्चको लागि एक अँध्यारो र जागृतिलाई रोकावट गर्ने कुरा हो ।

पापमा जस्तै ज्वारभाटा भए तापनि हामी परिवर्तन भएर अगाडि बढ्नु पर्दछ । पाप क्षमा हुन सक्दछ र स्वीकार योग्य हुन सक्छ । हाम्रो जीवनमा पश्चाताप धेरै महत्वपूर्ण कुरा हो, यसले पवित्र परमेश्वरको अगाडि हामीलाई ल्याउन सक्दछ । पवित्र आत्मालाई हाम्रो जीवनमा काम गर्न दिन भित्रपट्टि लुकेका पापहरू उहाँको अगाडि छर्लङ्गै देखाउनु पर्दछ । हामी पश्चाताप गर्ने व्यक्तिको पक्षमा उभिनु पर्दछ । हामीले हाम्रो लुगा फटाएर होइन तर हृदय फटाएर उहाँको नजिक जानु पर्दछ । बाइबलबाट खोज्नु मात्र पर्याप्त छैन । हाम्रा गल्तीहरू आफ्नो हृदय खोज्नु पर्दछ । दुःखसहितको प्रार्थना जागृतिको एक शाही सडक हो । आउनु होस्, हाम्रा पापहरू स्वीकार गरौँ र पापहरूलाई त्यागौँ, आफूलाई समर्पण गरौँ । त्यसपछि मात्र पाप भाग्ने छ, नरक शोक गर्न सुरु गर्नेछ र स्वर्ग रमाहटले भरिनेछ त्यहाँ जागृतिको सुरुवात हुनेछ । त्यही ठाउँमा परमेश्वरले हस्तक्षेप गर्नु हुनेछ । साँचो जागृतिको महसुस अब हामीमा आउनेछ । हामी हिजोजस्तो हुने छैनौँ ।

संसार आज राजनैतिक रूपमा, आर्थिक रूपमा, नैतिक रूपमा, आध्यात्मिक रूपमा विनासको बाटोतिर

गइरहेको छ। यस्ता विनासको मार्गहरूको पछाडि हामी दौडनु हुँदैन बरु आफैलाई ती कुराहरूबाट अलग राख्नु पर्दछ। त्यसैले हामी सधैं एक प्रकारको युद्धमा छौं। परमेश्वरमा कुनै कुरा पनि असम्भव छैन। पश्चाताप र प्रार्थना जागृतिका चावीहरू हुन् र जागृति परमेश्वरको भवनको भित्री खजाना हुन्। आउनु होस् हामी पश्चाताप गरौं। आउनुहोस् हामी आवाज निकालौं र त्यो आवाज अब बग्दै जानेछ र एक ठाउँबाट सुरु भएको कुरा संसारभरि फैलदै जानेछ। नयाँ संकल्प, समर्पण र गहिराइका साथ हामीले प्रार्थना गर्नु पर्दछ। संसारले बेवास्ता गरेको पापलाई हामीले स्वीकार गर्नु पर्छ र हराएको संसारलाई एउटा असल उदाहरण देखाउनु पर्दछ। पश्चातापले अवश्य पनि जागृति ल्याउँछ र संसारलाई स्वस्थ पार्दछ। त्यो तपाईंबाट नै सुरु हुन्छ।

हामीसँग भन्नको लागि सत्यता छ, साँचो सन्देश छ, आशा छ, परमेश्वरको साथ छ, प्रकाश छ, धेरै कुरा छ। यी सबै कुरा थकित संसारलाई औषधी हो भने तपाईं त्यसको साँचो चिकित्सक हुनुहुन्छ। हामीले साँच्चिनै प्रेम गरेका मानिसहरूलाई सबैभन्दा उत्तम कुरा दिएर परमेश्वरकहाँ ल्याऊँ। जागृतिको ज्वार-भाटा नै तपाईंबाट सुरु गर्नुहोस्। हामीले परमेश्वरसँग दावा गरेर प्रार्थना गरौं। उहाँले हामीलाई अवश्य शक्ति र सामर्थ्य दिनु हुनेछ। यसरी नै हामीले हाम्रो पुस्तामै परमेश्वरको कार्यको सम्पन्न गर्न सक्दछौं, आऔं साँचो बोझका साथ प्रार्थना, पश्चाताप गरौं जागृति अवश्य आउने छ।

# जीवन र सेवाको लागि दैनिक शक्ति

## Divine Strength For Life And Service

**– Alexander Maclaren (1826 – 1910)**

March/April Issue 2020

परमेश्वरको राज्य विस्तारको निम्ति जिवनमा ईश्वरीय शक्तिको आवश्यकता पर्दछ। बाइबलले पनि हामीलाई यसरी सिकाउँदछ, " म परमप्रभुमा रमाहट गर्नेछु, म मेरो उद्धार गर्नु हुने परमेश्वरमा रमाउनेछु। परमप्रभु परमेश्वर मेरो बल हुनुहुन्छ उहाँले मेरा खुट्टा हरिणका खुट्टामै पार्नुहुन्छ, उहाँले मलाई अग्ला अग्ला स्थानहरूमा जाने योग्यको तुल्याउनु हुन्छ।" (हबकूक ३ : १९)

माथीको पदमा लेखिएका शब्दहरूलाई व्याख्या गर्न खोज्दा तिनओटा भागहरूले हाम्रो जीवनको पक्षलाई प्रस्तुत गर्दछ : यदि हामीले हाम्रो मुक्तिदाता ख्रीष्टमा रमाउँदै सेवामा लाग्न सक्यौ भने।

**१.परमेश्वरसँगको सम्बन्धले मानिसलाई परमेश्वरको शक्तिमा काम गर्नलाई उत्प्रेरित गर्दछ-** "परमेश्वर मेरो बल हुनुहुन्छ" परमेश्वरले हामीलाई भिखारीलाई सिक्का दिए जस्तै गरी हामीलाई बल दिनुहुन्न तर उहाँले हाम्रो शक्तिलाई सधै नयाँ बनाइरहनु हुन्छ। यसको मतलब के हो भने परमेश्वरले आफ्नो आश्चर्यजनक कामको निम्ति हामीलाई साथ दिनुहुन्छ। जुन कुरा प्रेरित पावलले यसरी भन्दछन्, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।" (फिलिप्पी ४ : १३) " तर मलाई उहाँले भन्नुभयो, मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ। यसकारण ख्रीष्टको शक्ति ममाथि वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्व गर्नेछु।" (२ कोरिन्थी १२ : ९)

हामीले हाम्रो आँखाहरू खोल्यौ र उहाँलाई हेर्‍यौ भने हाम्रो हृदयलाई उहाँले प्रशस्त मात्रामा उहाँको शक्ति र सान्त्वनालाई प्राप्त गर्न सक्छौ। सुसमाचार हामीहरूको केन्द्रिय वरदान हो जसलाई हककूकले विश्वास गरे झै हामीले पनि जस्तो सुकै परिस्थीतीमा पनि उहाँलाई विश्वास गर्नु पर्दछ। " म परमप्रभुमा रमाहट गर्नेछु, म मेरो उद्धार गर्नुहुने परमेश्वरमा रमाउनेछु।" (हबकूक ३ : १८) हामीसँग सधैभरि रहन्छु भनेर प्रतिज्ञा गर्ने परमेश्वर हाम्रो बल हुनुहुन्छ। उहाँको वास्तविक ईश्वरीय हाम्रो कमजोरीमा प्रकट भएर विजय जिवन दिनुहुन्छ। उहाँको वास्तवीक ईश्वरीय शक्ति हाम्रो कमजोरीमा प्रकट भएर विजय जिवन दिनुहुन्छ। हरेक अवस्थामा उहाँ हाम्रो बल हुनुहुन्छ। यदि हामी प्रभुमा रमायौ भने उहाँलाई भेट्ने छौ र हबकूकको अनुभव भन्दा हाम्रो अनुभव कम हुने छैन। परमेश्वर हामी सँगै भएको महसुस गर्न सक्नेछौ। "निश्चय नै परमेश्वर मेरा उद्धार हुनुहुन्छ। म विश्वास गर्नेछु र म डराउने छैन। परमप्रभु, परमप्रभु नै मेरा शक्ति र भजन हुनुहुन्छ। उहाँ नै मेरा उद्धार हुनुभएको छ।" (यशैया १२ : २)

**२. परमेश्वरसँगको कुराकानीले जिवनका मार्गहरूलाई हल्का बनाइदिन्छ-** "उहाँले मेरो खुट्टालाई हरिणका खुट्टा झै पार्नुहुन्छ" परमेश्वरले जो उहाँको नजिकतामा जान्छ त्यसलाई सधै बलियो

बनाउनुहुन्छ । बाइबालमा यसरी भनिएको छ, " मेरा खुट्टाहरू मृगको खुट्टा जस्तै तुल्याउनुहुन्छ र उच्च स्थान म खडा हुन मलाई सक्षम तुल्याउनुहुन्छ" (भजनसंग्रह १८ : ३३) परमेश्वरले हामीलाई पछाडीबाट खुट्टाहरू बलियो बनाउन हुन्छ जब हामी खुट्टा लडबडाएर लड्न खोज्छौं उहाँले शक्ति दिएर हार्ने हृदयलाई बलियो पार्नुहुन्छ र उहाँको प्रकाश दिनुहुन्छ ।

जब हामी कम गर्दछौ परमेश्वरको आदेश अनुसार गर्‍यो भने हामीलाई सजिलो हुन्छ । यदि उहाँभन्दा बाहिर भएर आफ्नो इच्छामा काम गर्न थाल्यो भने असफलता पनि पाउन सक्छौ । जब हाम्रो जीवनमा उहाँको कृपा रहन्छ हामी सधै सहासी र बलियो रहन सक्छौ । हाम्रो खुट्टाहरूलाई उहाँले बलियो बनाइदिरहनुहुन्छ । हाम्रो जिवनमा आउने हरेक किसिमको उतार चढावहरूमा शक्ति दिनुहुन्छ । हामी साँच्ची नै उहाँसँगै सधै भरि रहन सक्छौ र हाम्रो जीवनमा आउने निरासापन देखि टाढा रही उत्साहित तिर बढ्न सक्छौ र हाम्रो जीवनमा आउने विभिन्न किसिमका घटिकमिहरूमा हामी खीष्टलाई केन्द्रबिन्दु बनाएर अगाडि बढ्दै गर्दा सफलताको बिन्दुमा पुग्न सकिन्छ । यो खण्डमा हामीले खीष्ट केन्द्रविन्दुको बारेमा सिक्नेछौ ।

यो सम्भव छ कि हामी आफैले सडकका लागि सुसजिव हुन सक्दछौ र दौड दौडनको निम्ति शक्तिशाली मानिस जस्तो गरी हाम्रो काममा रमाउन सक्छौ र हरेक जिम्मेवारीलाई खुशीसाथ स्वगत गर्न सक्दछौ र हामीलाई हाम्रो सबै कामहरू राम्ररी गर्न सक्छौ । जब सम्म हाम्रो सम्बन्ध खीष्टसँगै मिल्दोजुल्दो हुन्छ र हाम्रो कामहरू उहाँको इच्छामा हुन्छ भने हामीले उत्साहका साथ सास फेर्छौ र फलस्वरूप सफलता पाउन सक्छौ । यी सबै सफलताहरू हामीले खीष्ट बिना पाउन सम्भव हुँदैन । सफल त होला तर क्षणीक मात्र हुन सक्छ । खुसी जिवनको लागि हामी उहाँमा नै रहनुपर्छ ।

यदि हाम्रो जीवनमा येशूसँगको धैर्यता हुन सकेनौ भने हाम्रो जीवनमा आउने विभिन्न किसिमका संसारीक कुराले परिक्षामा पार्न सक्छ र हामी असफलता तिर जान सक्छौ । यस्ता क्रियाकलापहरूबाट सफलता पाउन हामी खीष्टसँग सँगै संगतिमा रहन पर्छ । उहाँका आज्ञाहरू पालना गर्न पर्छ, उहाँको वचमा ध्यान दिनुपर्छ तब हाम्रा खुट्टाहरू लड्बडीन देखि बच्छौ । जब हाम्रो जीवनमा आउने विभिन्न किसिमको नकरात्मक प्रभावहरूलाई र अनावश्यक प्रयासहरूलाई विजय प्राप्त गर्न सकिन्छ । काम गर्दै जाँदा जिवनमा विभिन्न किसिमका कठिनाइहरू आइलाग्न सक्छन् जसले हाम्रा खुट्टाहरूलाई पछाडि तिर तानिरहेको हुन्छ र हामीलाई असफल बनाउन खोजिरहेको हुन्छ त्यसमा विजय हुन लागे हामी सधै खीष्टलाई केन्द्रविन्दु बनाउनुपर्छ । हाम्रो सुसमाचार शान्तिको सुसमाचार हुनुपर्छ, हाम्रो सुसमाचारले मानिसको जिवन परिवर्तन हुनुपर्छ । जसले गर्दा खीष्टको दोस्रो आगमनमा हामीहरू पूर्वतयारीका साथ रहेका हुन सक्छौ । हाम्रो धैर्यतानै हाम्रो जिवनको सफलता हो ।

यदि हामी दिनदिनै परमेश्वरसँग कुराकानी गरिरहेका छौ भने उहाँले हामीलाई असल विचारहरू दिनुहुन्छ जसले हामीलाई हाम्रो जीवनमा दौड दौडनकोलाई तयारी पार्छ जुन मुकुट हाम्रो अगाडि राखिदिएको छ । हामीले सामना, गर्ने सबै कुरा अन्तिम दिन सम्म गरिरहनुपर्छ । ति मानिसहरू धन्यका हुनेछन् जसले धैर्यसाथ उहाँको प्रतिक्षा गरेर आफ्नो दौडलाई अगाडि बढाउछन् । यो चाहि खीष्टसँगको असल सम्बन्धको दौड हुनेछ जुन दौडबाट त्यो व्यक्तिले मुकुट प्राप्त गर्दछ । खीष्टसँग सधै असल कुराकानी गर्ने व्यक्ति यशैया अगमवक्ताले भने जस्तै हुनेछन् । "उहाँले थकितहरूलाई बल दिनुहुन्छ र कमजोरहरूको शक्ति बढाइदिनुहुन्छ । युवक पनि दुर्बल र थकित हुन्छन् र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुको आश गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन् र दगुरेर पनि तिनीहरू थाक्ने छैनन । तिनीहरू हिंड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।" (यशैया ४०:२९ - ३१)उनीहरू हरेक क्रियाकलाप गर्दा कहिल्यै थाक्ने छैनन् ।

**३. परमेश्वरसँगको मिलनले मानिसको जिवनमा प्रगती ल्याउँछ -**

"उहाँले मलाई अग्ला अग्ला स्थानहरूमा जाने योग्यको तुल्याउनुहुन्छ" परमेश्वरले आफ्ना मानिसलाई सधै भरि वास्ता गरिरहनुहुन्छ । कुनै किसिमको खतरादेखि उ डराउनु पर्दैन । जुन व्यक्ति परमेश्वर सित नजिक हुन्छ उसलाई अग्ला - अग्ला पहाडमा चढ्नको निम्ति उत्साहित बनाउनु हुन्छ । जुन व्यक्ति अग्लो ठाउमा चढ्छ त्यसले स्वच्छ र शुद्ध हावा लिन पाउन उ फोहोरी वातावरण देखि टाढा रहन्छ र उसलाई कुनै किसिमका आत्मिक रोगहरू लाग्ने डर पनि हुँदैन । एक जना व्यक्ति जो परमेश्वरको नजिकमा छ उसले यसरी भन्दछ "चाहे अञ्जीरको रुखमा मुना नलागोस् र दाखका बोटमा फल नफलोस् चाहे जैतुन रुखमा फल नलागोस र खेतले अन्न नउब्जाओस खोरमा भेडाबाखा नभएपनि र गोठमा गाइवस्तुहरू रहेनन् भने पनि म परमप्रभुमा रमाहट गर्नेछु मेरो उद्धार गर्नुहुने परमेश्वरमा रमाउनेछु ।" (हबकूक ३ : १७- १८) यदि हामी परमेश्वरमा रमाउहट गर्‍यौ भने उहाँले हामीलाई आफ्नो महिमाको निम्ति उठाउनुहुन्छ । यशैयाले हामीलाई ४० को ३१मा यसरी भन्दछन् परमेश्वरको डरमा हिंड्ने मानिसहरू सधै चिल जस्तै

माथी - माथी उड्नेछन् र तिनीहरूलाई परमेश्वरले मेलमिलापमा ल्याउनुहुनेछ । हामीले जस्तो सुकै यात्रा गर्नुपरेता पनि उहाँले हामीलाई सहयोग गर्नुहुन्छ । हामीले उहासँग आफूलाई सम्पर्कमा राख्यौ भने हाम्रो तौल बढाइदिनुहुन्छ र हामीले गर्ने नेतृत्वमा सफलता दिनुहुन्छ । यदि हामी खीष्टको हात समाति राख्यौ भने उहाँले हामीलाई उच्च स्थानमा पुऱ्याउनुहुन्छ । जहाँ संसार भन्दा बेग्लै हुनेछ । हामी त्यस घरमा हुनेछौ जहाँ कहिल्यै कुकर्म हुने छैन । जहा लोभ हुने छैन डाहा हुने छैन, ईर्श्या हुने छैन केवल परमेश्वरको अनग्रहले भरिएका प्राकृतिक वाशस्थानमा स्वतन्त्र प्रकारले हिँडडुल गर्न पाउने छौ । जस्तो सुकै परिस्थितिमा पनि कुनै किसिमको डर हुने छैन ।

उहाँसँगको कुराकानीले हामीहरूका खुट्टा हलुका हुनेछन् र हामीलाई उहाँले माथि उचाल्नुहुनेछ । हामीलाई कुनै किसिमको ठेश लाग्ने छैन, श्राप लाग्ने छैन किनकि त्यतिबेला हामी थाहा गर्नेछौ कि म अग्लो ठाउँमा सुरक्षित साथ रहेको छु । यसैले हामी अन्तिमसम्म हरेक जिवनका कार्यहरूमा सफल हुँदै उहाँको आवाजको निम्ति तयारी अवस्थामा रहन सक्छौ । जुन आवाज परमेश्वरले हामीलाई माथि आउ भन्ने शब्द हुनेछ । जहाँ हामीहरू जिवीत र अनन्तताको जिवन दिनुहुनेछ । सिकारीका पासोहरूदेखि हामीलाई बचाउनुहुनेछ ।

यदि हामी परमेश्वरको सेवा गर्न चाहन्छौ भने सधै उहाँको दैविक शक्तिमा भर पर्नुपर्छ र उहाँले हामीलाई सधै सा दिनुहुन्छ ।

# येशू ख्रीष्ट आफै - हाम्रो आनन्दको स्रोत

## Jesus Christ Himself- The Source of Our Joy

**By Charles H. Spurgeon (1834-1892)**

March/April Issue 2021

येशू ख्रीष्ट स्वयं हाम्रो आनन्दको स्रोत हुनुहुन्छ । हामीसँग यस्तो आनन्दको स्रोतको मूल भएकोले हामी आनन्दित हुनै पर्दछ । हाम्रो दुःखमा, अप्ठ्यारो अवस्थामा, रोगमा, अभावमा उहाँ हामीसँग सान्त्वना लिएर आउनु हुन्छ । येशू हाम्रो असल मित्र भएको कारणले उहाँ सधैं हाम्रो आशा हुनुहुन्छ । यो वास्तवमा गिलादमा प्रयोग गरिएको औषधीभन्दा अझै उत्तम छ । "... उहाँ आफैले हाम्रा दुर्बलताहरू लिनुभयो र हाम्रा रोगहरू उठाई लानु भयो ।" (मत्ती ८ : १७) "किनकि उहाँ आफैले कष्ट भोग्नु भयो र परीक्षित हुनु भयो यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।" (हिब्रू २ : १८) येशूले पीडा, भोक, तिर्खा, उजाड, अपमान आफैले भोग्नु भयो । हामीजस्तै उहाँ परीक्षामा पर्नुभयो र हामीलाई सान्त्वना दिनुभयो, हुन त उहाँ पापरहित हुनुहुन्थ्यो । धेरै मानिसहरूले उहाँसँग दुःख भोगेका थिए र रातको एक्लो घडीमा पनि उहाँसँगै रहेका थिए । उहाँसँगै रहँदा तिनीहरूले आफ्नो शक्ति ख्रीष्टबाटै पाएको थाहा गरेका थिए । उहाँलाई दोष लगाउनेको अगाडि उहाँले कुनै पनि प्रतिकार गर्नु भएन जसले हाम्रो जागृतिलाई पुनर्ताजगीतिर लैजान्छ । उहाँ हाम्रो असल उदाहरण हुनुहुन्छ । कसले उहाँले पिउन भए यो कचौराबाट पिउन अस्वीकार गर्दछ र ? त्यो मानिस जो साँचो बप्तिस्मा लिएको हो भने उहाँसँगै कचौराबाट पिउन सक्दछ ।

"उहाँको मार्ग मेरोभन्दा कडा र गाढा थियो । के ख्रीष्टले जुन दुःख भोग्नु भयो उहाँलाई म फेरि क्रुसमा टाँगु ।"

गेत्समनीको बगैंचामा येशूले पिउनुभएको दुःखले धेरै मानिसहरूलाई आफ्नो दुःख कम पारिदिएको छ । येशूको मृत्युले मानिसको हृदयमा आनन्दको भजन उत्पन्न गराइदिएको छ । येशू आफै हाम्रो दुःखको मलमपट्टी हुनुहुन्छ । जब हामी संकटको आँधीबेहरीबाट हिँडेका हुन्छौं उहाँ हाम्रो आनन्द र शान्ति हुनुहुन्छ । हामी आफैले प्रभु येशू ख्रीष्टलाई हृदयदेखि नै नचिनेसम्म उहाँको साँचो शान्ति कहिल्यै पनि अनुभव गर्न सकिँदैन । येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको यो वचन के तपाईं सम्झनु हुन्छ । उहाँले भन्नुभएको थियो, "... येशू आफै तिनीहरूको माझमा उभिनु भयो र तिनीहरूलाई भन्नुभयो "तिमीहरूलाई शान्ति होस् ।" (लूका २४ : ३६) यतिबेला चेलाहरू कोठाभित्र बसेका थिए अनि ढोका बन्द भएकै बेलामा येशू भित्र आउनु भएको थियो । यो सन्देश येशू आफैले ल्याउनु भएको थियो । उहाँको साँचो उपस्थितिले यहाँ प्रभाव पारेको देख्न सकिन्छ । जब हामीले उहाँलाई देख्छौं नि, हाम्रो आत्मामा उहाँको आत्माको स्वाद आउँछ । उहाँले हाम्रा डराएको/अत्तालिएको आत्मामा एउटा साँचो सिरानीको काम गर्नुहुन्छ जहाँबाट हामीलाई शान्ति मिल्छ । त्यस्तै हामी पनि ख्रीष्टलाई देख्यौं भने अवश्य खुसी हुनेछौं । हाम्रो विश्वासद्वारा हामीले उहाँलाई सिंहासनमा बस्नु भएको देख्दछौं

त्यो नै हाम्रो पूर्ण सन्तुष्टि हो । "त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो जो हरेक नाउँभन्दा उच्च छ ।" (फिलिप्पी २ : ९)

येशू मृत्युबाट जिई उठ्नुभयो भन्ने कुरा हामीलाई थाहा हुनु कति खुसीको कुरा हो । उहाँ अब मृत हुनुहुन्न, उहाँ जीवित हुनुहुन्छ । पुनर्उत्थानको आनन्द कति उत्तम छ । मण्डलीको लागि यो अति नै खुसीको कुरा हो । उहाँ शत्रुका किल्लाहरूलाई भाँचेर परमेश्वरको दाहिनेपट्टि वास गर्नको लागि स्वर्गमा चढी जानुभयो । उहाँले मृत्युमाथि विजय हासिल गर्नुभयो । मण्डलीको निम्ति त्यो होसन्नाको गर्जन, कति आशिषको कुरा ।

प्रभुमा अति नै आदरणीय दाजुभाइ, दिदीबहिनीहरू उहाँलाई देख्नको निम्ति हामीले के गर्नु पर्दछ । हामीले उहाँमा विश्वास मात्र गर्नु पर्दछ । अब हराउनु पर्दैन, मृत्युको ढोकालाई उहाँले बन्द गर्नुभएको छ, ख्रीष्टमा विजय छ, मृत्यु हाऱ्यो ! "पिता म इच्छा गर्दछु कि तपाईंले मलाई दिनु भएकाहरू म जहाँ छु म सँग रहुन् र मेरो महिमा देखुन्, जुन महिमा, संसारको सृष्टि हुन अघिदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो । (यूहन्ना १७ : २४) हामीले उहाँको महिमालाई देख्नु पर्दछ । परमेश्वरको इच्छा यही हो ।


# हार्दिक शुभकामना

**पुनरुत्थान (इस्टर) महोत्सवका साथै नव वर्ष वि.सं. २०७८ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।**

## नेपाल ख्रीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार
ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार
पिप्ले मण्डली परिषद्, चितवन परिवार
समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति
ACTS नेपाल परिवार
नेपाल इसाई नारी समाज



**विशेष धन्यवाद**

पा. माधव पौडेल, रुची पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

**स्थानीय वितरक**

रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, आशिष/एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, रुवी/अनिल, फ्लोरिडा, अमेरिका, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 01- 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Mrs. Shanti Poudel**

**Editor: Mr. Nava Raj Panta**